**भाग-२**

# स्थानीय राजपत्र

चौंरीदेउराली गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः ६ | संख्याः.५ | मितिः २०८०/०२/०३ |

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०२/०३

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चौंरीदेउराली गाउँपालिका कार्यपालिकाले **"चौंरीदेउराली गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०७९"** सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# चौंरीदेउराली  गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक,२०७९

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

# चौंरीदेउराली  गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक,२०७९

**प्रमाणित मितिः २०८०/०२/०३**

**प्रस्तावनाः**

चौंरीदेउराली गाउँपालिका क्षेत्र भित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउदै गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उप दफा ४ को खण्ड (ठ) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चौंरीदेउराली  गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम "चौंरीदेउराली गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०७९" रहेको छ ।

(२) यो ऐन चौंरीदेउराली  गाउँ सभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "गाउँसभा" भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ख) 'गाउँपालिका' भन्नाले चौंरीदेउराली गाउँपालिका सम्झनु पर्छ ।

(ग) कार्यालय भन्नाले चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) 'अध्यक्ष' भन्नाले चौंरीदेउराली गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले चौंरीदेउराली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) "स्थानीय अधिकारी भन्नाले चौंरीदेउराली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा कार्यालयले तोकेको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास, प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, आमा समूह, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(ज) दातृ निकाय भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

(झ) " अन्तर्राष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून वमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(ञ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्छ ।

(ट) " विधान " भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ ।

(ठ) " तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको या तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः** (१) यस ऐन बमोजिम चौंरीदेउराली गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाइने छैन ।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी गाउँपालिकाको क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउदा गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृति नलिने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

४. **संस्थाको दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) यो ऐन वमोजिम संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई अनुसुची १ बमोजिम तोकिएको अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन साथ देहायको कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ख) पदाधिकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) संस्थाको प्रमाणित विधान (दुई प्रति)

(घ) तोकिए बमोजिमको अन्य विवरण |

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी अनुसूची (२) बमोजिम दर्ता प्रमाणपत्र दिइनेछ ।

(४) प्रचलित कानून बमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरु यस ऐन बमोजिम दर्ता/ सूचिकरण हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिनुपर्नेछ । संस्थाको नामवाट कानूनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

(५) यस दफा बमोजिम कुनै संस्था दर्ता नगर्ने गरी निर्णय भएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई १५ दिन भित्र दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निर्णय उपर चित्त नबुझेमा निवेदकले जानकारी पाएको मितिले ३५ दिन भित्र न्यायिक समिति समक्ष निवेदन दिन सक्नेछ ।

**५. संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित गठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ साथै संस्थाको नाममा पनि नालिस उजूर लाग्नेछ ।

**६. संस्थासँग सहकार्यसम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ।

(२) सहकार्य सम्बन्धी विधि प्रक्रिया र शर्त तोकिए बमोजिम हुनेछ ।

**७. संस्थाको सम्पत्तिः** (१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्न सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्पत्ति फिर्ता गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले 'गरेको कारवाही उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछ ।

(५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गैर कानूनी कार्य गरेमा संस्थाको कुनै तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**८. संस्था गाभ्ने गाभिने वा उद्देश्यमा हेरफेरः** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को संस्थासँग गाभिन उचित देखेमा कार्यसमितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभा सञ्चालनका लागि आवश्यक गणपुरक उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभावाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न तोकिएको अधिकृतको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**९. नविकरण, खरेजी तथा शुल्कः** (१) विधेयक बमोजिम दर्ता भएका संस्थाहरुले प्रत्येक आ.व. समाप्त भएको मितिले चार (४) महिना भित्र नविकरण गरी सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नविकरण गर्न देहायको कागजातहरु सहित निवेदन पेश गर्नु पर्नेछ

क. समितिको निर्णयको प्रतिलिपि,

ख. स्थायी लेखा नम्बरको प्रतिलिपि,

ग. लेखा परिक्षणको प्रतिवेदन,

घ. समाज कल्याण परिषद्को आवद्धता प्रमाण-पत्रको प्रतिलिपि ।

(३) यस दफा बमोजिम लगातार तीन वर्ष सम्म संस्था नविकरण नगरेमा स्वतः खारेज हुनेछ ।

(४) ऐन बमोजिम दर्ता हुने संस्थाको दर्ता शुल्क तथा नविकरण शुल्क चौंरीदेउराली गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) को समयावधि भित्र नविकरण नगर्ने संस्थालाई नविकरण शुल्क बराबरको थप दस्तुर जरिवाना गरी नविकरण गर्न सक्नेछ ।

**१०. हिसाबको विवरण पेश गर्नु पर्नेः** कार्य समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण र लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**११. हिसाब जाँच गर्नेः** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्वारा जाँच गर्न गराउन सक्नेछ ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो

संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कारवाही अन्य प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

**१२. निर्देशन दिनेः** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१३. दण्ड र सजायः** (१) विधेयकको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही ५ (पाँच) स रुपैयाँ सम्म जरीवाना गर्न सक्ने छ । (२) दफा ९ बमोजिमको विवरण पेश नगरेमा कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही दुई (२) सय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाबजाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँचसय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभ्ने गाभिने गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१४. पुनरावेदनः** प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१५. संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ । (२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन ।

**१६. अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून बमोजिम चौंरीदेउराली गाउँपालिकाको क्षेत्रभित्र कार्य गर्दा चौंरीदेउराली गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिन अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कार्यालय समक्ष आफ्नो पूर्ण कार्ययोजना सहित निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक छानविन गरी स्वीकृति दिन उचित ठानेमा स्वीकृति दिन सक्नेछ ।

**१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने:** यस विधेयक बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा संचालन गर्नुपर्छ ।

**१८. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ |

**१९. खारेजी र बचाउः** (१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानून सँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची-१

(दफा ४ को (१) सँग सम्बन्धित )

संस्था दर्ता निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौरीदेउराली गाँउपालिकाको कार्यालय
ढाडखर्क भञ्ज्याङ,काभ्रेपलाञ्चोक ।

चौरीदेउराली गाँउपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक,२०७९ को दफा ४ बमोजिम देहायको विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

**१.संस्थाको पूरा नाम र ठेगानाः**

**२.उद्देश्यहरुः**

क.

ख.

ग.

घ.

ङ.

**३.संस्थाको कार्यक्षेत्र र विषयः**

क.

ख.

ग.

घ.

**४.समितिका सदस्यहरुको नाम, ठेगाना र तीनपुस्ते विवरणः**

| क.स | नाम थर | स्थायी ठेगाना | बाबुको नाम थर | बाजेको नाम थर | ना.प्र.प्र.न |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**५.स्रोत साधनको सम्बन्धी विवरणः**

क.

ख.

ग.

घ.

**६.अन्य विवरणहरुः**

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।

दरखास्तवालाको

सहीः

नामः

पदः

ठेगानाः

अनुसूची-१

(दफा ४ को  उपदफा(३) सँग सम्बन्धित )

संस्था दर्ता प्रमाणपत्रको  ढाँचा

चौंरीदेउराली गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ्ग,काभ्रेपलाञ्चोक
वागमति प्रदेश,नेपाल

दर्ता मितिः
दर्ता नं.

**संस्था दर्ता प्रमाण पत्र**

चौंरीदेउराली गाँउपालिका वडा नं ..............................स्थापित ............................................. चौंरीदेउराली गाँउपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०७९ को दफा ४ को उपदफा (३) बमोजिम २०....साल.........महिना......गतेमा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

स्थानीय अधिकारीको
सहिः.....................
पुरा नामः..................
दर्जाः..........................

Chaunrideurali Rural Municipality
Office of Rural Municipal Executive
Dhadkharkabhangyang ,Kavrepalanchowk
Bagmati Province,Nepal

Registration Date:
Registration Number:

**Certification of Registration**

This Certification of Registration has been issued to ……………………………………………………………………….of Chaunrideurali Rural Municipality,Ward No,………….on …………………….(A.D) pursuant to Section 4 Sub-section (3) of Chaunrideurali Rural Municipality’s Organization Registration and Regualtion Act,2023.

Local Authority’s
Signature:
Full Name:
Designation:

**नविकरणः**

| कार्यालयको छाप | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर,रसिद नं. | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |